नेपाल सरकार
# स्वास्थ्य मन्त्रालय
(..............................................शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :- ४२

मिति : २०७३।९।२०

विषय :- **निःशुल्क अत्यावश्यक औषधी पूर्ति गर्ने बारे।**

श्री प्रमुख ,
जिल्ला स्वास्थ्य/जन स्वास्थ्य कार्यालय (७५वटै)

निःशुल्क अत्यावश्यक औषधिबारे विभिन्न क्षेत्रीय स्वास्थ्य निर्देशनालय तथा जिल्ला स्वास्थ्य/ जन स्वास्थ्य कार्यालयहरूबाट प्राप्त प्रक्रियागत विवरणहरुको अध्ययन गर्दा हाल धेरै जसो जिल्लाहरूमा अत्यावश्यक औषधीको मौज्दात न्यून देखिएको हुँदा तपशिल बमोजिम व्यवस्था गर्न ।

**तपशिलः**

१. औषधी खरिदका लागि बोलपत्र आव्हान गरी सकेका जिल्लाहरुले छिटो भन्दा छिटो औषधी खरिद प्रक्रियालाई टुङ्ग्याइ पौष मसान्त भित्र आ-आफ्नो स्वास्थ्य संस्थाहरुमा औषधी उपलब्ध गराउने व्यवस्था गर्ने ।

२. स्वा.से.वि. बाट उपलब्ध हुने औषधीहरूको हकमा अनुमिनत समय करिब तीन महिना लाग्न सक्ने हुँदा आफुलाई अत्यावश्यक पर्ने सम्पूर्ण औषधी सार्वजनिक खरिद (चौंथो संसोधन) नियमावली २०७३ को नियम ८४(२)(१क) बमोजिम रू. ५००००००० (पचास लाख) सम्मको औषधी जन्य मालसामान (औषधी) सिलवन्दी दरभाउ पत्रबाट खरिद गर्न सकिने र सोही नियमावलीको नियम ८५ (१)(क) बमोजिम रु ५०००००० (पाच लाख) सम्मको औषधी परामर्श(सोझै) सेवा बाट खरिद गर्न सकिने भन्ने संसोधीत सार्वजनिक खरिद नियमावली (चौंथो संसोधन) २०७३ मा व्यवस्था भएको र सो कुरा "नेपाल राजपत्र पुष ४ गते २०७३ साल" मा प्रकाशित भैसकेकोले आवश्यकता अनुसार खरिद प्रक्रिया लाई अगाडी बढाइ औषधी आपुर्ति व्यवस्थापनको कार्य सम्पन्न गर्ने ।

३. निःशुल्क अत्यावश्यक औषधीका लागि गरिएको बोलपत्रबाट खरिद भई बचत हुने वा भएको रकमको हकमा सोहि नियमावलीको नियम ८५ (१)(क) बमोजिम अत्यावश्यक न्यून मौजदात भएका औषधीहरू आवश्यकता हेरी रू ५०००००० (पाच लाख) सम्मको परामर्श (सोझै) सेवाबाट खरिद गर्न सकिने व्यवस्था रहेको जानकारी भई औषधी अभाव हुन नदिने बन्दोबस्त मिलाउने र बाँकी रकम मध्ये सार्वजनिक खरिद (चौंथो संसोधन) नियमावली २०७३ को नियम ८४(२)(१) बमोजिम रू. ५००००००० (पचास लाख) सम्मको औषधी १५ दिनको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि सिलबन्दी दरभाउ पत्रको माध्यमबाट औषधी खरिद गर्ने समेत व्यवस्था रहेकोले उपयुक्त विधिहरु मार्फत खरिद गरी औषधीको अभाव हुन नदिने व्यवस्था मिलाउने ।

४. उपरोक्त बुँदा नं. ३ अनुसार औषधी खरिदगर्दा पनि र केन्द्र तथा क्षेत्रबाट प्राप्त हुने औषधीबाट पनि उक्त समयावधीको लागि नपुग हुन सक्ने औषधी र नपुग रकमको विवरण तुरुन्त मन्त्रालयमा पठाउने ।

डा. सेनेन्द्र राज उप्रेती
सचिव

**बोधार्थ**

१. माननीय मन्त्रीज्यूको निजि सचिवालय, स्वास्थ्य मन्त्रालय ।
२. माननीय राज्यमन्त्रीज्यूको निजि सचिवालय, स्वास्थ्य मन्त्रालय ।
३. श्री महानिर्देशक, स्वा. से.वि., टेकु, काठमाण्डौ ।
४. श्री क्षेत्रीय स्वा. निर्देशक ,
(पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल, सुदुर पश्चिमाञ्चल ,क्षेत्रीय स्वास्थ्य निर्देशनालय)